# इन्द्रसरोवर गाउँपालिकाको आर्थिक ऐन २०७७ ,

२०७७

इन्द्रसरोवर गाउँपालिका सभा सचिवालय
कुलेखानी ,मकवानपुर
बागमती प्रदेश

## उद्देश्य र कारण

इन्द्रसरोवर गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावहरुलाई कार्यान्वयन गर्न केहि कर, शुल्क र दस्तुर लगाउन लगाई राखेकोलाई चालु राख्न हेरफेर गर्न छुट दिन एबम् राजस्व प्रशासन सम्बन्धि मौजुदा कानूनलाई संशोधन गर्न र राजस्व प्रशासन संचालन गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक प्रस्तुत गर्न परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर तथा शुल्क निर्धारण गर्न, त्यस्तो कर शुल्क दर बढाउन घटाउन वा आंशिक वा पूर्ण रुपले छुट दिने व्यवस्थाका अलवा एकिकृत सम्पति र घर जग्गा कर, विज्ञापन कर, घर वहाल कर, नक्सा पास दस्तुर, जडिबुटी, कवाडी, जीवजन्तु कर, बिक्रि शुल्क, व्यवसाय कर, सेवा शुल्क/दस्तुर, लगायतका शुल्क दस्तुर कर सम्बन्धि व्यबस्थाको निर्धारण गर्न र इन्द्रसरोवर गाउँपालिका आर्थिक ऐन २०७६ मा भएका ब्यबस्थालाई आवश्यकता अनुसार संशोधन खारेजी र प्रस्ताव समेत गरिएको छ ।

उमा कुमारी लामा
उपाध्यक्ष
इन्द्रसरोवर गाउँपालिका

# इन्द्रसरोवर गाउँपालिकाको आर्थिक ऐन २०७७

**इन्द्रसरोवर गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** इन्द्रसरोवर गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर तथा शुल्क दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा आय संकलनको प्रशासन सम्बन्धी कानुन तर्जुमा गर्न तथा मौजुदा कानुनलाई समय अनुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम इन्द्रसरोवर गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “आर्थिक ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि इन्द्रसरोवर गाउँ क्षेत्रमा लागू हुनेछ ।

२. एकिकृत सम्पति र भूमि (मालपोत ) कर : गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ र अनुसूचि १ (क) बमोजिम एकिकृत सम्पत्ति कर र भूमि (मालपोत ) कर लगाइने र असूल उपर गरिनेछ ।साथै, एकिकृत सम्पत्ति करको हकमा कार्यविधि नबनेसम्म साबिकको दर वा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

३. घरजग्गा तथा वहाल विटौरी शुल्क/कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि २ र अनुसूचि ८ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४.व्यवसाय कर : गाउपालिकाको शहरी क्षेत्रमा सँचालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको सँचालनले वजार क्षेत्र अव्यवस्थित भएकोले नेपालको सँविधानको अनुसुचि ८ मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि र गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ३ बमोजिमका ब्यबसायमा व्यवसाय तथा अन्य ब्यबसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५.जडिबुटी, कवाडी र कृषि तथा पशुपन्छिजन्य व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ४ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६.सवारी साधन कर : गाउँपालिका भित्र कुनै व्यवसायहरुले सवारी साधनहरु दर्ता गर्न ल्याएमा अनुसूचि ५ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

७. विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. मनोरञ्जन कर : गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका प्यारागलाईडिङ्ग, बोटिङ्ग लगायताका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धि सेवा वा व्यवसायमा अनुसूचि ७ बमोजिमको मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

९.सेवा शुल्क/दस्तुर : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन र दैनिक रुपमा प्रदान गरिने सेवामा अनूसूचि ९ मा उल्लिखित दरमा विभिन्न सेवा शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१०. नविकरण शुल्क : गाउँपालिका क्षेत्रभित्र विभिन्न वस्तु तथा सेवा उत्पादन, प्रयोग तथा निर्माण व्यवसायको ईजाजत, फर्म, संस्था तथा अन्य व्यवसायको विलम्ब, भौतिक वातावरणीय तथा पर्यावरणीय क्षति वापतको क्षतिपूर्तीको लागि अनुसूची १०, अनुसूची ११, अनुसूची १२ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ्ग शुल्क : गाउँपालिकाले कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत अनुसूची १३ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२.बिक्रि शुल्क : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) तथा बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७७ को दफा ९ उपदफा १ को अधिकार प्रयोग गरि सोहि ऐनमा उल्लेखित दरमा स्लेट, ढुंगा, गिट्टी, बालुवा, एवम् माटोजन्य बस्तु काठ दाउरा जराजुरी, दहत्तर बहत्तर आदिको संकलन तथा बिक्रि गरि बिक्रि शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३.करका दर घटाउन बढाउन वा छुट दिन सक्ने : (१).यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(२). प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएता पनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन बमोजिम लगाईने दस्तुर, शूल्क र करको दर घटाउन बढाउन वा त्यस्तो दस्तुर, शूल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन र सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ । यसरी घटाईएको, बढाईएको वा छुट दिएको सुचना इन्द्रसरोवर राजपत्रमा प्रकाशन भएपछी मात्र लागु हुनेछ ।

(३). उपदफा (२) बमोजिम करको दर घटाईएको, बढाईएको वा कुनै दस्तुर, शूल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिईएको विवरण अर्को हुने गाउँसभामा पेश गर्नु पर्नेछ र त्यसरी दिईएको आंशिक वा पूर्ण कर छुट सुबिधाको कसैले दुरुपयोग गरेमा छुट दिईएको दस्तुर, शूल्क र कर रकम असुल उपर गरि सो रकम बराबर जरिवाना गरिनेछ ।

१४.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१५.जरिवानाः गाउँपालिका भित्र कुनै व्यक्ति संस्था वा निकायले गाउँपालिकाको कानून उल्लङ्घन गरेको पाईएमा गाउँ कार्यपालिकाले दण्ड वा जरिवाना गर्न सक्नेछ सो दण्ड वा जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ ।

१६.बाधा अड्काउ फुकाउः यस ऐनको कार्यन्वयनमा कुनै असहजता परेमा गाउँ कार्यपालिकाले सो को सरलीकरण गरी कार्यन्वयनमा देखिएको बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

## अनुसुचिः १
## एकीकृत सम्पती कर

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा इन्द्रसरोवर गाउँपालिकाको एकीकृत सम्पत्ति कर ब्यवस्थापन कार्यविधि तर्जुमा भए पछि मालपोत कार्यालय मकवानपुरको न्यूनतम मुल्याङकनमा नघट्ने गरि स्वघोषणाको आधारमा एकीकृत सम्पत्ति कर अनिवार्य रुपमा लागू गरिनेछ ।

| सि.न | वडा नं | वजार क्षेत्र | प्रति तला कर | |
|---|---|---|---|---|
| | | | पक्की घरको लागी | कच्ची घरको लागी |
| १ | १ | दोवाटो चोक देखी सिम्लांङ्ग वजार हुदै मार्खु वजार सम्म | २००।- | ७५।- |
| २ | १.२ | टौखेल देखी शेरा बजार सम्म | | |
| ३ | २.१ | देउराली देखी हेभी कलंकि हुदै महालक्ष्मी खोला सम्म | | |
| ४ | २.२ | हेभी देखी नागमार सम्म | | |
| ५ | ३ | नारायण थान देखी डौडारे खोला सम्म | | |
| ६ | ४.१ | महालक्ष्मी खोला दोभान देखी पुरण्डी सत्र डांडा सम्म | | |
| ७ | ४.२ | अैसेली टोल देखी राकसखोला हुदै वीर वहादुरको घर डांडा सम्म | | |
| ८ | ४.३ | हिराको घर डांडा देखी हुमाने सिमाना सम्म | | |
| ९ | ५.१ | पाटी चौर वडा कार्यालय हुदै वाईवाको घट्टसम्म | | |
| १० | ५.२ | पौवा धारा देखी महादेवस्थान सम्म | | |
| ११ | सवै वडाहरु अन्य क्षेत्र (ग्रामिण क्षेत्र) | | १००।- | ५०।- |

## अनुसुची : १ (क)

### भूमि (मालपोत ) कर

| सि.न | जग्गा विवरण | ईकाइ | दर रेट |
|---|---|---|---|
| १ | ऋव्वल | प्रति रोपनी | रु. २५ |
| २ | दोयम | प्रति रोपनी | रु. २० |
| ३ | सीम | प्रति रोपनी | रु. १५ |
| ४ | चहार | प्रति रोपनी | रु. १० |

बक्यौता सम्पती कर तथा मालपोत करको जरीवाना निकाल्दा जम्मा बर्षमा ५ ले गुणा गरी ५ जोडीनेछ । अर्थात पहिलो बर्षको हकमा १० प्रतिशत त्यस पछी प्रत्येक वर्ष ५ प्रतिशतको दरले बढदै जाने छ ।

## अनुसुची : २

### घरजग्गा तथा वहाल कर

आफ्नो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्परा), कारखाना, जग्गा, वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्वन्धीत धनीबाट बहाल रकमको १० प्रतिशत घर बहाल कर असुल गरिने छ ।

## अनुसुची : ३

## व्यावसाय कर (बार्षिक)

| आर्थिक वर्ष २०७७।०७८ श्रावण १ गते देखि लागू हुने गरी निर्धारित दर रेटहरू | | |
|---|---|---|
| १ | व्यापारिक वस्तु | |
| १.१ | **खाद्य किराना** | **दर रेट (रू)** |
| १.१.१ | बजार क्षेत्रका थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | ५००।०० |
| १.१.२ | ग्रामीण क्षेत्रका थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | ३००।०० |
| १.१.३ | चिसो पेय पदार्थ (कोल्ड ड्रिंक्स) सहित बेकरी (पाउरोटी आदि) बिक्रेताको लागि | २००।०० |
| १.२ | **मासु बिक्रेता** | |
| १.२.१ | धेरै थरिका मासु बिक्रेताको लागि | ५००।०० |
| १.२.२ | एकथरिका मात्र मासु बिक्रेताको लागि | ३००।०० |
| १.३ | **सुनचांदी तथा गरगहना** | |
| १.३.१ | सुनचांदी तथा गहनाहरूको खरिद बिक्री गर्ने ( सोरूम सजावट भएकालाई) बिक्रेताको लागि | २,०००।०० |
| १.३.२ | सुनचांदी तथा गहनाहरूको खरिद बिक्री गर्ने ( सोरूम सजावट नभएकालाई) बिक्रेताको लागि | २०००।०० |
| १.३.३ | ज्याला मात्र लिई सुनचांदी तथा गहनाहरूको सम्बन्धि काम गर्ने (ज्यासल) को लागि | २०००।०० |
| १.४ | **श्रृगारका , खेलौना तथा उपहार (गिफ्ट) सामानहरू** | |
| १.४.१ | बजार क्षेत्रका थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | ५००।०० |
| १.४.२ | ग्रामीण क्षेत्रका श्रंगार सामानका बिक्रेताको लागि | ३००।०० |
| १.४.३ | खेलौना तथा गिफ्ट बिक्रेता | ३००।०० |
| १.५ | **निर्माण सामग्री (हार्डवेयर)** | |
| १.५.१ | बजार क्षेत्रका बिक्रेताको लागि | २,०००।०० |
| १.५.२ | ग्रामीण क्षेत्रका बिक्रेताको लागि | १,०००।०० |
| १.५.३ | रंग रोगन जन्य सामानहरूको थोक बिक्रताको लागि | १,०००।०० |
| १.५.४ | धर सजावटका सामानहरू बिक्रेताको लागि | ५००।०० |
| १.५.५ | ईट्टा,सिमेन्ट, काठ तथा दाउरा तथा बांस बिक्रेताको लागि | ५००।०० |
| १.५.६ | फलाम तथा फलाम जन्य बस्तुहरू बिक्रताको लागि | ८००।०० |
| १.५.७ | फाटो फेम तथा ग्लास हाउस हरूका लागि | ५००।०० |
| १.६ | **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धि पार्टस** | |
| १.६.१ | मेशिनरी तथा सवारी साधन दुबै सो सम्बन्धि पार्टस बिक्रेता तथा सर्भिसि सेन्टर | ६००।०० |
| १.६.२ | मोटरसाईकलको स्थानिय अधिकारिक बिक्री शो रूम सहित सर्भिस सेन्टरहरू | १,०००।०० |
| १.६.३ | हेभी सवारी साधनहरू (बस, ट्रक, डोजर लोडर आदि) बिक्रेताका लागि | ५०००।०० |
| १.६.४ | हल्का साधनहरू (जिप कार आदि) बिक्रेताका लागि | ५०००।०० |

| | | |
|---|---|---|
| १.६.५ | टेम्पो, टेक्टर तथा ई रिक्सा सवारी साधनहरूको बिक्रेताका लागि | २५००।०० |
| १.६.६ | मोटर पार्टस बिक्रताको लागि | १०००।०० |
| १.६.७ | बजार क्षेत्रका औधोगिक तथा मेशिनरी सामान बिक्रताको लागि | २०००।०० |
| १.६.८ | मोबाईल डिलरवालाको लागि | ५००।०० |
| १.६.९ | टायर बिक्री डिलरहरूलाइ | ८००।०० |
| १.७ | **पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री** | |
| १.७.१ | पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री बिक्रेताको लागि | ५००।०० |
| १.७.२ | स्टेशनरी तथा खेलकुद सामाग्री बिक्रेताको लागि | ५००।०० |
| १.७.३ | **फार्मेसी ,औषधी ,तथा आयुर्बेदिक पसल** | |
| १.७.४ | थोक तथा खुद्रा बिक्री सहित क्लीनिक भएकाहरूको लागि | २०००।०० |
| १.७.५ | खुद्रा बिक्री सहित क्लीनिक भएकाहरूको लागि | १५००।०० |
| १.७.६ | औषधी बिक्रेताहरूको लागि मात्र | १०००।०० |
| १.७.७ | ग्रामीण क्षेत्रका औषधी बिक्रेताहरूको लागि मात्र | ५००।०० |
| १.७.८ | चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्री गर्ने  बिक्रेताहरूको लागि | ५००।०० |
| १.८ | **कृषिजन्य औषधि ,बिउ बिजन तथा मलखाद** | |
| १.८.१ | कृषी तथा भेटनरी औषधि सहित मलखाद र बिउ बिजन समेत बिक्रेताको लागि | १,५००।०० |
| १.८.२ | कृषी तथा भेटनरी औषधि तथा बिउ बिजन बिक्रेताको लागि | १,०००।०० |
| १.८.३ | कृषी तथा भेटनरी औषधि तथा मलखाद बिक्रेताको लागि | १,०००।०० |
| १.८.४ | कृषी तथा भेटनरी औषधि मात्र बिक्रेताको लागि | ५००।०० |
| १.८.५ | मलखाद तथा बिउबिजन बिक्रेताको लागि | ५००।०० |
| १.९ | **कपडा तथा फेन्सी सम्बन्धि** | |
| १.९.१ | तयारी तथा थान कपडा(जुत्ता चप्पल सहित )हरूको बिक्रेताहरूको लागि | १५००।०० |
| १.९.२ | सिलाई सम्बन्धी सामाग्री ( टांक, धागो लगाएत अन्य) सामान बिक्रेताहरूको लागि | २००।०० |
| १.१० | **जुत्ता तथा चप्पल सम्बन्धि** | |
| १.१०.१ | स्वरूम सहित स्वदेशी तथा बिदेशी जुत्ता चप्पल बिक्रताहरूको लागि | ८००।०० |
| १.१०.२ | अन्य जुत्ता चप्पल बिक्रेताहरूको लागि | ५००।०० |
| १.१०.३ | परम्परागत सिपबाट घरेलु उत्पादन गरि बिक्री गर्ने बिक्रताहहरूको लागि | २००।०० |
| १.१०.४ | कपडा, जुत्ता,चप्पल, हार्डवेयर,किटनाषक बिषादी तथा बिउबिजन  बिक्रेता | २,५००।०० |
| १.११ | **भाँडा पसलहरू** | |
| १.११.१ | तामा,पित्तल,स्टिल तथा अल्मुनियमका भांडा बिक्रेताको लागि | ६००।०० |
| १.११.२ | प्लस्टिक जन्य भांडा बिक्रेताको लागि | ५००।०० |
| १.११.३ | माटोका भाँडा बिक्रेताको लागि | २००।०० |
| १.१२ | **ईलेक्ट्रीक एण्ड ईलेक्ट्रोनिक्स सामान बिक्रेताको लागि** | |
| १.१२.१ | ईलेक्ट्रीक एण्ड ईलेक्ट्रोनिक्स सम्बन्धि दुबै सम्बन्धि सामान बिक्रेताको लागि | १०००।०० |
| १.१२.२ | ईलोक्ट्रनिक्स सम्बन्धि सामान बिक्रेताहरूको लागि | ८००।०० |
| १.१२.३ | बजार क्षेत्रमा ईलेक्ट्रीक (बिद्युतिय) ससामान बिक्रेताको लागि | ८००।०० |
| १.१२.४ | ग्रामीण क्षेत्रमा ईलेक्ट्रीक (बिद्युतिय) ससामान बिक्रेताको लागि | ५००।०० |

| | | |
|---|---|---|
| १.१२.५ | कम्प्युटर एवं पार्टस सम्बन्धि बिक्रेताको लागि | १०००।०० |
| १.१२.६ | घडि, रेडियो तथा भिडियो सि.डि. बिक्रेताको लागि | ५००।०० |
| १.१२.७ | मोबाईल एवं पार्टस बिक्रेतातथा मर्मत लागि | ५००।०० |
| १.१३ | **फर्निचर सम्बन्धित** | |
| १.१३.१ | तेस्रो मुलुबाट आयातित सामान बिक्रेताको लागि | २०००।०० |
| १.१३.२ | काठ, स्टिल,प्लास्टिक सामान सहित कार्पेट समेत बिक्र गर्ने बिक्रेताको लागि | १०००।०० |
| १.१३.३ | काठ, तथा स्टिलका मात्र सामान बिक्री गर्ने बिक्रेताको लागि | ८००।०० |
| १.१३.४ | स्थानीय घरेलु फर्निचर निर्माण तथा बिक्रि | ५००।०० |
| १.१४ | **मदिरा तथा सुर्तिजन्य समान बिक्रेताको लागि** | |
| १.१४.१ | मदिराको थोक बिक्रेताको लागि | २५००।०० |
| १.१४.२ | मदिराको खुद्रा बिक्रेताको लागि | १५००।०० |
| १.१४.३ | चुरोटका डिलरहरूलाई | १५००।०० |
| १.१४.४ | सुर्ति प्याकेजिङ्ग गर्ने हरूको लागि | ५००।०० |
| १.१४.५ | मदिरा सहित सबै किसिमका थोक बिक्रेता हरु(किराना, खाधान्न) | ५,०००।०० |
| १.१५ | **तरकारी तथा फलफुल** | |
| १.१५.१ | तरकारी तथा फलफुल थोक बिक्रेताका लागि | ३००।०० |
| १.१५.२ | तरकारी तथा फलफुल खुद्रा बिक्रेताको लागि | २००।०० |
| १.१५.३ | फलफुलको थोक बिक्रेताको लागि | ३००।०० |
| १.१५.४ | फलफुलका खुद्रा बिक्रेताको लागि | २००।०० |
| १.१६ | **हस्तकलाका सामानहरू बिक्री गर्नेलाई** | |
| १.१६.१ | स्थानिय कच्चा पदार्थबाट उत्पादन गरि सामानहरू बिक्री गर्नेलाई | १५०।०० |
| १.१६.२ | सामान आायात गरि बिक्री गर्नेहरूलाई | ३००।०० |
| १.१७ | **पेट्रोलिय पदार्थ तथा ग्यांस बिक्रेता** | |
| १.१७.१ | पेट्रोल तथा डिजेल दुबै बिक्रेताको लागि | २०००।०० |
| १.१७.२ | डिजेल मात्र बिक्री गर्नेहरूको लागि | १०००।०० |
| १.१७.३ | मट्टीतेल डिलरहरूको लागि | ५००।०० |
| १.१७.४ | ग्यास डिलरहरूको लागि | १०००।०० |
| २ | **बिशेषज्ञ परामर्श तथा अन्य ब्यसायिक सेवा** | |
| २.१ | **चिकित्सक** | |
| २.१.१ | व्यवसायीक रूपमा चिकित्सक सेवा प्रदान गर्नेहरूका लागि | १०००।०० |
| २.२ | **कबिराज** | |
| २.२.१ | व्यवसायीक रूपमा कबिराज सेवा प्रदान गर्नेहरूका लागि | ३००।०० |
| २.३ | **इन्जिनियर** | |
| २.३.१ | ईन्जिनियरिङ्ग कन्सल्टेण्ट दर्ता गरि सेवा प्रदान गर्नेहरूका लागि | १५००।०० |
| २.४ | **कानुन ब्यबसायी** | |
| २.४.२ | अधिबक्ताहरूलाई | १५००।०० |

| | | |
|---|---|---|
| २.५ | **लेखा परिक्षक** | |
| २.५.१ | सबै बर्गको लागि | १०००।०० |
| २.६ | **दन्त चिकित्सक** | |
| २.६.१ | दन्त चिकित्सक | १०००।०० |
| २.७ | **अनुसन्धान कर्ता तथा परामर्शदाता** | |
| २.७.१ | बैदेशिक रोजगार परामर्शदाता | १५००।०० |
| २.७.२ | बैदेशिक अध्ययन परामर्शदाता | २०००।०० |
| २.७.३ | तालिम तथा अनुसन्धान केन्द्रहरू | १५००।०० |
| २.८ | **कम्प्युटर एनालिष्ट तथा प्रेगामर** | |
| २.८.१ | कम्प्युटर एनालिष्ट तथा प्रेगामर | १५००।०० |
| २.९ | **बिमा एजेन्ट** | |
| २.९.१ | बिमा एजेन्ट | १०००।०० |
| २.१० | **सर्भेयर** | |
| २.१०.१ | सर्भेयर | १०००।०० |
| २.११ | **अनुबादक** | |
| २.११.१ | अनुबादक | १०००।०० |
| २.१२ | **पशु चिकित्सक** | _ |
| २.१२.२ | पशु चिकित्सक | १०००।०० |
| २.१३ | **शेयर दलाल** | |
| २.१३.१ | शेयर दलाल | १०००।०० |
| २.१४ | **सामान ढुवानीकर्ता तथा कम्पनी** | |
| २.१४.१ | ट्रान्सपोर्ट का लागि | १०००।०० |
| २.१५ | **संस्थागत पेन्टर** | |
| २.१५.१ | संस्थागत पेन्टर | ३०००।०० |
| ३ | **निर्माण ब्यबसाय :-गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण ब्यबसायमा** | |
| ३.१ | **निर्माण व्यवसाय** | |
| ३.१.१ | "क" बर्गको लागि | ५०००।०० |
| ३.१.२ | "ख" बर्गको लागि | ४०००।०० |
| ३.१.३ | "ग" बर्गको लागि | ३०००।०० |
| ३.१.४ | "घ" बर्गको लागि | २०००।०० |

द्रष्टब्य :- निर्माण कम्पनीको हकमा आश्विन मसान्त भित्र तिर्न आएका निम्न अनुसार छुट हुनेछ। क) "क" र "ख" वर्गका लागि ३० प्रतिशत
ख) "ग" र "घ" बर्गका लागि ४०प्रतिशत

| | | |
|---|---|---|
| ४ | **उत्पादन मुलक उद्योग :-** | |
| ४.१ | **केमिकल तथा आईरन सम्बन्धी** | _ |
| ४.१.१ | सिमेन्ट उद्योगहरू | १०००।०० |
| ४.१.२ | पेन्टर उद्योगहरू | ७०००।०० |

| | | |
|---|---|---|
| ४.१.३ | प्लास्टिक सामान तथा दाना उद्योगहरू | ५०००।०० |
| ४.१.४ | पोलिथिन पाईप उद्योगहरू | ३०००।०० |
| ४.१.५ | फलाम तथा फलाम जन्य उधोगहरू | २०००।०० |
| ४.१.६ | साबुन तथा सर्फ उद्योगहरू | २०००।०० |
| ४.१.७ | केमिकल तथा आईरन सम्बन्धि अन्य उद्योगहरू | २०००।०० |
| ४.२ | **खाद्य तथा पेय सम्बन्धि** | |
| ४.२.१ | मैदा तथा गहुबाट उत्पादन हुने मिलहरू | ३०००।०० |
| ४.२.२ | दुग्ध तथा दुग्धजन्य सामग्री उत्पादन गर्ने उद्योगहरू | २०००।०० |
| ४.२.३ | चामल तथा दाल मिल तथा उद्योगहरू | १५००।०० |
| ४.२.४ | कफि तथा चिया पात्ती उद्योगहरू | १०००।०० |
| ४.२.५ | चाउचाउ उद्योगहरू | २०००।०० |
| ४.२.६ | बरफ तथा आईसक्रिम उद्योगहहरू | ८००।०० |
| ४.२.७ | पानी प्रशोधन उद्योगहरू | २५००।०० |
| ४.२.८ | बिस्कुट उद्योगहरू | ४५००।०० |
| ४.२.९ | खाद्य तथा पेय सम्बन्धि अन्य उद्योगहरू | २०००।०० |
| ४.२.१० | पेय वदार्थ उत्पादन उद्योगहरू | २०००।०० |
| ४.३ | **कपडा तथा गार्मेन्ट** | |
| ४.३.१ | कपडा उत्पादन गर्ने उद्योगहरू | २०००।०० |
| ४.३.२ | गलैचा तथा कार्पेट उद्योगहरू | १५००।०० |
| ४.३.३ | गार्मेन्ट उद्योगहरू | १०००।०० |
| ४.४ | **कृषि तथा पशुदाना उत्पादन सम्बन्धी** | |
| ४.४.१ | ह्याचरीहरू | २०००।०० |
| ४.४.२ | पशु दाना उद्योगहरू | १०००।०० |
| ४.४.३ | भेटनरी औषधी उद्योगहरू | २०००।०० |
| ४.४.४ | बिउ बिजन उद्योगहरू | १०००।०० |
| ४.५ | **उर्जा तथा ईन्जिनियरिङ उद्योग** | |
| ४.५.१ | विद्युतिय सामाग्री उत्पादनगर्ने उद्योगहरू | २०००।०० |
| ४.५.२ | सोलार सम्बन्धी उद्योगहरू | १५००।०० |
| ४.५.३ | मेशिनरी पार्टस उत्पादन गर्ने उद्योगहरू | २०००।०० |
| ४.५.४ | ई रिक्सा उद्योगहरू | १५००।०० |
| ४.६ | **मदिरा तथा सुर्तिजन्य उत्पादन** | |
| ४.६.१ | चुरोट उद्योगहरू | १००००।०० |
| ४.६.२ | वियर तथा अल्कोहल उद्योगहरू | १००००।०० |
| ४.६.३ | अन्य सुर्ति जन्य सामान उत्पादक उद्योगहरू | ६०००।०० |
| ४.७ | **साना तथा घरेलु उद्योगहरू** | |
| ४.७.१ | धुप, अबिर, मैनबत्ती घरलु उद्योगहरू | ५००।०० |
| ४.७.२ | मसला उद्योगहरू | ५००।०० |

| | | |
|---|---|---|
| ४.७.३ | कागज उद्योगहरू | ५००।०० |
| ४.७.४ | हस्तकला उद्योगहरू | ५००।०० |
| ४.८ | **निर्माण सामाग्री उद्योगहरू** | |
| ४.८.१ | गिट्टी, बालुवा लगाएतका उद्योगहरू | ४०००।०० |
| ४.८.२ | प्यकेजिङ्ग बस्तु उत्पादन उद्योगहरू | २०००।०० |
| ४.८.३ | ब्लक उत्पादन उद्योगहरू | १०००।०० |
| ४.८.४ | फलामे औजार उत्पादन गर्ने उद्योगहरू | १०००।०० |
| ४.८.५ | अन्य नखुलेका उद्योगहरू रू १०००, देखी १०,०००।०० सम्म | |
| ५ | **उर्जामुलक उद्योग :-** | |
| ५.१ | **जेनेटरबाट बिद्युत उत्पादन गरि ग्राहकहरूमा बिधुत बितरण गर्ने ब्यसाय** | |
| ५.१.१ | १० के.भी.ए. सम्मको जेनेरेटर प्रयोगमा गर्ने लाई | २०००।०० |
| ५.१.२ | १० के.भी.ए. भन्दा बढी प्रयोग गर्नेलाइ ( प्रति के.भी.ए.) | १०००।०० |
| ५.१.३ | ७५ के.भी.ए. सम्मको जेनेरेटर प्रयोगमा गर्ने लाई | १५००।०० |
| ६ | **कृषी तथा** पशुपन्छी **उद्योग** | |
| ६.१ | **दुग्ध चिस्यान केन्द्र** | |
| ६.१.१ | दुग्ध चिस्यान केन्द्र स्थापना गरि बिक्री गर्नेलाई | १०००।०० |
| ६.१.२ | दुग्ध चिस्यान केन्द्र | ६००।०० |
| ६.२ | **ब्यबसायीक कृषी** तथा पशुपन्छी **फर्महरू** | |
| ६.२.१ | १ लाख सम्म पूँजी | ५००।०० |
| ६.२.२ | १लाख देखी ५ लाख सम्म पूँजी | १०००।०० |
| ६.२.३ | ५ लाख देखी २० लाखसम्म पूँजी | १५००।०० |
| ६.२.४ | २० लाख देखी १ करोडसम्म पूँजी | ३०००।०० |
| ६.२.५ | कृषक समूह दर्ता शुल्क | १००।०० |
| ६.२.६ | वार्षिक नवीकरण शुल्क | १००।०० |
| ६.२.७ | कषि तथा पशुपन्छी फर्म सुचिकृत शुल्क | २००।०० |

इन्द्रसरोवर मत्स्य व्यवसायी संघको हकमा (इन्द्रसरोवरताललाई प्रयोग गर्ने सबै व्यवसायीको लागि ) प्रति के.जी. माछाको बिक्रीमा रू. ५ लगाई असूल गर्ने ।

| ६.३ | **तरकारी जन्य बस्तुको लागि निर्धारित करका दर रेटहरू** | |
|---|---|---|
| **सि.नं.** | **विवरण** | **दर रु** |
| **६.३.१** | आलु प्रतिबोरा (ठुलो प्रति के. जी. १५ पैसा) | १५ |
| **६.३.२** | आलु प्रतिबोरा (सानो प्रति के. जी. १५ पैसा) | १० |
| **६.३.३** | काउली प्रति बोरा (प्रति के. जी. १५ पैसा) | १५ |
| **६.३.४** | बन्दा, मुला, काक्रो, भान्टा प्रति बोरा (प्रति के. जी. १५ पैसा) | १५ |

| | | |
|---|---|---|
| **६.३.५** | लप्सी, बरेला, केराउ, कोसा प्रति बोरा (प्रति के. जी. १५ पैसा) | १५ |
| **६.३.६** | गोलभेडा प्रति क्रेट (प्रति के. जी. २५ पैसा) | ५ |
| **६.३.७** | गोलभेडा प्रति क्रेट (प्रति के. जी. २५ पैसा) | ५ |
| **६.३.८** | भेडे खुर्सानी प्रति बोरा (प्रति के. जी. २५ पैसा) | १५ |
| **६.३. ९** | गाजर, हरियो खुर्सानी प्रति बोरा (प्रति के. जी. २५ पैसा) | १५ |
| **६.३.१०** | स्कुस प्रति बोरा (प्रति के. जी. २५ पैसा) | १० |
| **६.३.११** | फर्सी खुल्ला प्रति क्विन्टल (प्रति के. जी. १५ पैसा) | १० |
| **६.३.१२** | सुकेको लसुन प्रति बोरा (प्रति के. जी. १५ पैसा) | २० |
| **६.३.१३** | धान, मकै, कोदो, फापर प्रति बोरा (प्रति के. जी. १५ पैसा) | १५ |
| **६.३.१४** | स्याउ, नास्पती, कागती प्रति बोरा (प्रति के. जी. १५ पैसा) | १५ |
| **६.३.१५** | लैनो भैंसी प्रति गोटा | १०० |
| **६.३.१६** | बर, गोरु, रागा प्रति गोटा | ५० |
| **६.३.१७** | (क)खसी, बोका, बाखा प्रति गोटा<br>(ख)बंगुर प्रतिगोटा<br>(ग)कुखुरा प्रतिगोटा | २०<br>५०<br>३५पैसा |
| **६.३.१८** | सल्लाको सिम्टा प्रति बोरा | १० |
| **६.३.१९** | झ्याउ प्रति बोरा | २५ |
| **६.३.२०** | चिराइतो प्रति बोरा | ४० |
| **६.३.२१** | मक्षिन्द्र पाती प्रति बोरा | २० |

| | | |
|---|---|---|
| **६.३.**२२ | पत्कर मल प्रति बोरा | ५ |
| **६.३.**२३ | व्यापारी बाट निकासी हुने विरुवा प्रति गोटा | ३ |
| **६.३.**२४ | काचो छाला प्रतिगोटा | ३० |
| **६.३.**२५ | पराल प्रति मुठा | ०.१० |
| **६.३.**२६ | इट्टा प्रति हजार | ७५ |
| **६.३.**२७ | टायल, ब्लक प्रति हजार | १५० |
| **६.३.**२८ | खालीबोतल कवाडी प्रति बोरा | २५ |
| **६.३.**२९ | खालीबोरा कागज, बाकस प्रति बोरा | २० |
| **६.३.**३० | मटेजो, जटामसी तथा जडिबुडी प्रति बोरा | २५ |
| **६.३.**३१ | मना (मर्चा) प्रति बोरा | १२ |
| **६.३.**३२ | मुलाको सुकुटी प्रति बोरा | १५ |
| **६.३.**३३ | बन्दा खुल्ला प्रति क्विन्टल | १५ |
| **६.३.**३४ | काउली खुल्ला प्रति क्विन्टल | २० |
| **६.३.**३५ | मादलप्रतिगोटा | १ |
| **६.३.**३६ | धातु जन्य बस्तुहरु (फलाम, पित्तलआदि) प्रति बोरा | ३० |
| **६.३.**३७ | काठ प्रति क्यूफिट | ५ |
| **६.३.**३८ | हाडखोर प्रति टिप | ५०० |
| **६.३.**३९ | आलु बखडा प्रतिक्रेट | ५ |
| **६.३.**४० | खुल्ला डि. आई. मोटर प्रति टिप | ३०० |

| | | |
|---|---|---|
| **६.३.४१** | खुल्लामिनि टाटा मोटरप्रति टिप | ५०० |
| **६.३.४२** | खुल्ला एल.पी. ६ चक्के मोटर प्रति टिप | ८०० |
| **६.३.४३** | खुल्लाएल.पी. १० चक्के मोटर प्रति टिप | १००० |
| **६.३.४४** | पिनाप्रतिबोरा | २५ |
| **६.३.४५** | हरियोधनियाकोपात<br>• प्रति झोला<br>• प्रतिबोरा | <br>.१०<br>.५० |
| ६.३.४६ | सयपत्री मखमली फुल प्रतीमाला | ५० पैसा |
| ६.३.४७ | सयपत्री मखमली फुल प्रती के.जी. | रू १ |
| ६.४.१ | व्यवसायीक नर्सरी गर्नेहरूलाई | ३००।०० |
| ६.४.२ | फुल तथा बिरूवा सम्बन्धि | २००।०० |
| ७ | **खनिज उद्योगः** | |
| ७.१ | खनिज उद्योगः- | २०००।०० |
| ८ | **पर्यटन उद्योग** | |
| ८.१ | **रिसोर्टहरू तथा ठुला मोटल तथा होटलहरू** | |
| ८.१.१ | रिसोर्ट व्यवसायीहरूको लागि | ५०००।०० |
| ८.१.२ | १ तारे होटलहरूका लागि | ३५००।०० |
| ८.१.३ | २ तारे होटलहरूका लागि | ४०००।०० |
| ८.१.४ | ३ तारे होटलहरूका लागि | ५०००।०० |
| ८.२ | **लजहरू** | |
| ८.२.१ | १० बेड सम्मको लागि | १५००।०० |
| ८.२.२ | २० बेड सम्मको लागि | २०००।०० |
| ८.२.३ | २० वेड भन्दा माथिका लागि | ३५००।०० |
| ८.२.४ | होटल सहित लज सेवाभएकाहरूको लागि | ३०००।०० |
| ८.३ | **खाना तथा नास्ता होटलहरू** | |
| ८.३.१ | मुल सडकमा रहेका खाना तथा नास्ता होटलहरूको लागि | २०००।०० |
| ८.३.२ | बजार क्षेत्रमा रहेका खाना तथा नास्ता होटलहरूको लागि | १०००।०० |
| ८.३.३ | ग्रामिणक्षेत्रमा रहेका होटलहरू | ५००।०० |
| ८.४ | **मदिरा सहितका नास्ता होटलहरू** | |
| ८.४.१ | बजार क्षेत्रकामदीरा सहितका नास्ता होटलहरू | २,०००।०० |
| ८.४.३ | ग्रामीणक्षेत्रका मदीरा सहितका नास्ता होटलहरू | १,०००।०० |

| | | |
|---|---|---|
| ८.५ | **रेष्टुरेन्टहरू** | |
| ८.५.१ | बजार क्षेत्रका वर्गका लागि | १५००।०० |
| ८.५.२ | ग्रामीण क्षेत्रका वर्गका गागि | १०००।०० |
| ९ | **सेवा उद्योग** | |
| ९.१ | **कोल्ड स्टोर** | |
| ९.१.१ | कोल्ड स्टोरेजहरूका लागि | १०००।०० |
| ९.२ | **प्रेस (छापाखाना) तथा फ्लेक्स प्रिन्टस तथा अन्य प्रिन्टर्स सम्बन्धी** | |
| ९.२.१ | अफसेटप प्रेस तथा फ्लेक्स प्रिन्टर्स दुबै भएकाहरूका लागि | २०००।०० |
| ९.२.२ | अफसेटप प्रेस भएकाहरूका लागि | १०००।०० |
| ९.२.३ | फ्लेक्स प्रिन्टर्स तथा स्क्रीन प्रिन्टर्स मात्रको व्यवसाय गर्नेहरूको लागि दुबै | १०००।०० |
| ९.३ | **वैकल्पिक उर्जा (गोबर ग्याँस सौर्य उर्जा कम्पनी आदि** | |
| ९.३.१ | सोलार सम्बन्धी सेवा प्रदायक संस्थाहरू | ८००।०० |
| ९.३.२ | गोबर ग्याँस सेवा प्रदायक कम्पनीहरू | ८००।०० |
| ९.३.३ | सोलार सम्बन्धि सामान उत्पादन तथा विक्री गर्ने व्यवसाय | १०००।०० |
| ९.३.४ | गोबर ग्याँस सम्बन्धि सामान उत्पादन तथा बिक्री गर्ने व्यवसाय | ८००।०० |
| ९.४ | **कुटानी पिसानी मिल** | |
| ९.४.१ | तेल,चामल,चिउरा आदी कुटानी पिसानी गरि बिक्री गर्नेलाई मिलहरूलाई | १०००।०० |
| ९.४.२ | तेल,चामल,चिउरा आदी कुटानी पिसानी मात्र गर्ने मिलहरूलाई | ५००।०० |
| ९.४.३ | पिठो तथा मसााला मिलहरूलाई लाई | २००।०० |
| ९.४.४ | घट्ट/सुधारिएको घट्ट कुटानी पिसानी शुल्क | ५००।०० |
| ९.५ | **चलचित्र भवन** | |
| ९.५.२ | चलचित्र भवन | १५००।०० |
| १० | **निर्माण उद्योग** | |
| १०.१ | **व्यापारिक कम्पलेक्स** | |
| १०.१.१ | वयापारिक कम्पलेक्स भवन संचालन गर्नेहरू | ५०००।०० |
| १०.२ | **आवासिय कम्पलेक्स** | |
| १०.२.१ | आवासिय भवन संचालन गर्नेहरू | ५०००।०० |
| ११ | **सचार सेवा** | |
| ११.१ | **पत्रकारिताहरू** | |
| ११.१.१ | दैनिक पत्रिका क र ख वर्गलाई | ५००।०० |
| ११.१.२ | दैनिक पत्रिका ग र घ वर्गलाई | ३००।०० |
| ११.१.३ | साप्ताहिक क र ख वर्गलाई | ४००।०० |
| ११.१.४ | साप्ताहिक ग र घ वर्गलाई | २००।०० |
| ११.१.५ | बर्गिकरणमा नपरेका पत्र पत्रिकाहरूलाई | ३००।०० |
| ११.२ | **निजि संचार सेवा प्रदायक संस्थाहरू** | |
| ११.२.१ | एफ. एम. हरू | १०००।०० |

| | | |
|---|---|---|
| ११.२.२ | स्थानिय टेलिभिजनहरू | ७००।०० |
| ११.२.३ | साइबर तथा कम्युनिकेशन सेन्टरहरू | ६००।०० |
| ११.२.४ | निजी क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरू | १५००।०० |
| ११.२.५ | निजी टेलिफोन प्रदायक संस्थाहरू | ५००।०० |
| ११.३ | **निजि क्षेत्रका हुलाक तथा कुरियर सेवा** | |
| ११.३.१ | पार्सल कुरियर सेवाको मुख्य कार्यालय भएकाहरूलाई | ६००।०० |
| ११.३.२ | पार्सल कुरियर सेवाको साखा कार्यालय भएकाहरूलाई | ५००।०० |
| १२ | **बित्तिय सेवा** | |
| १२.१ | **बाणिज्य तथा बिकास बैंक** | |
| १२.१.१ | मूख्य कार्यलय भएकाहरूको लागि | ५०००।०० |
| १२.१.२ | शाखा कार्यलयहरूको लागि | ३०००।०० |
| १२.२ | **बित्तिय संस्थाहरू** | |
| १२.२.१ | मूख्य कार्यलय भएकाहरूको लागि | ३०००।०० |
| १२.२.२ | शाखा कार्यलयहरूको लागि | १५००।०० |
| १२.३ | **बिमा कम्पनी** | |
| १२.३.१ | बिमा एजेन्सीहरूको लागि | १०००।०० |
| १२.३.२ | बिमा कम्पनीको शाखा कार्यालयको लागि | ५००।०० |
| १२.४ | **विदेशी मुद्रा सटही तथा मनि ट्रान्सफरहरूको लागि** | |
| १२.४.१ | विदेशी मुद्रा सटही | १५००।०० |
| १२४.२ | मनि ट्रान्सफरहरूका लागि | १०००।०० |
| १२.५ | **सहकारी बैंक** | |
| १२.५.१ | सहकारी बैंक | १०००।०० |
| १२.६ | **धितोपत्र कारोबार** | |
| १२.६.१ | धितोपत्र कारोबार शाखा कार्यालय | १५००।०० |
| १२.७ | **सहकारी संस्थाहरू** | |
| १२.७.१ | बचत तथा ऋण र अन्य सहकारी संस्थाहरू(बहु-उद्देश्यीय समेत ) | १०००।०० |
| १३ | **स्वास्थ्य सेवाः-** | |
| १३.१ | **निजी क्षेत्रको अस्पतालहरू (सामुदायिक, सहकारी तथा नसिङ्गहोम हरू) को लागि** | |
| १३.१.१ | निजी क्षेत्रको अस्पतालहरू (सामुदायिक, सहकारी तथा नसिङ्गहोम हरू) को लागि | १०००।०० |
| १३.२ | **ल्याब तथा एक्सरे मात्र संचालन गर्नेहरूकको लागि** | |
| १३.२.१ | ल्याब तथा एक्सरे मात्र संचालन गर्नेहरूकको लागि | ५००।०० |
| १४ | **शिक्षा सेवा** | |
| १४.१ | **निजि क्षेत्रका शिक्षालयहरू** | |
| १४.१.१ | आधारभूत तह<br>• १ देखि ५ सम्म<br>• ५ देखि ८ सम्म | २०००।००<br>३०००।०० |

| | | |
|---|---|---|
| १४.१.२ | माध्यामिक तह | ४०००।०० |
| १४.१.३ | उच्च माध्यामिक तह र सो भन्दा माथिल्लोतहहरू/ प्राबिधिक शिक्षालय | ५०००।०० |
| १४.२ | **प्रशिक्षण केन्द ( इन्सिटच्युट )हरू** | |
| १४.२.१ | टाइपिङ तथा कम्प्युटर प्रशिक्षण केन्द्रहरू | ५००।०० |
| १४.२.२ | भाषा प्रशिक्षण | ५००।०० |
| १४.२.३ | टयुसन तथा कोचिङ्ग सेन्टरहरू | ५००।०० |
| १४.२.४ | सिलाई बुनाइ तथा हस्तकला सम्बन्धी प्रशिक्षण केन्द्रहरू | ५००।०० |
| १४.२.५ | अन्य तालिम / अनुसन्धान तथा शिक्षण तालिम केन्द्रहरू | ५००।०० |
| १५ | **मर्मत संभार सेवा** | |
| १५.१ | **ईजिनियरिङ्ग बर्क्स** | |
| १५.१.१ | बजार क्षेत्रका ईजिनियरिङ्ग बर्क्स | २०००।०० |
| १५.१.२ | ग्रामिण क्षेत्रका ईजिनियरिङ्ग बर्क्स | १०००।०० |
| १५.१.३ | लेथ मेशिन संचालन गर्ने व्यवसायीलाई | ५००।०० |
| १५.२ | **सवारी साधन मर्मत** | |
| १५.२.१ | बस, ट्रक तथा ठुला सवारी साधन मर्मत गर्ने | २०००।०० |
| १५.२.२ | जिप, कार तथा हलुका सवारी साधन मर्मत गर्ने | १५००।०० |
| १५.२.३ | टेम्पो, टेक्टर मर्मत गर्ने | १०००।०० |
| १५.२.४ | बजार क्षेत्रमा मोटरसाइकल मर्मत गर्ने | १०००।०० |
| १५.२.६ | ग्रमणि क्षेत्रमा मोटर साईकल मर्मत गर्नेलई | ५००।०० |
| १५.२.७ | वडी विल्डरर्सका लागि | १०००।०० |
| १५.३ | **सवारी साधनको टायर, ब्याट्री तथा अन्य सम्बन्धि** | |
| १५.३.१ | टायर रिसोलिङ | १०००।०० |
| १५.३.२ | टायर खोल फिट तथा हावा भर्ने | ३००।०० |
| १५.३.३ | डेन्टिङ स्प्रे तथा पेन्टिङ | ३००।०० |
| १५.३.४ | ब्याट्री मर्मत | ३००।०० |
| १५.३.५ | सिट तथा हुड बनाउने | ३००।०० |
| १५.४ | **मेशिनरी पार्टस मर्मत** | |
| १५.४.१ | फ्युल पम्प तथा पानी तान्ने मोटर पम्प मर्मत गर्ने व्यवसायीलाइ | ३००।०० |
| १५.४.२ | मिलहरूको पार्ट्स तथा अन्य समान्य मेशिनरी पार्ट्स मर्मत गर्ने | ३००।०० |
| १५.५ | **अन्य मर्मत सेवा** | |
| १५.५.१ | रिक्सा साइकल | २००।०० |
| १५.५.२ | ईलोक्ट्रोनिक्स सामानहरूको मर्मत गर्ने व्यवसायीहरू | ३००।०० |
| १५.५.३ | ईलेक्ट्रीक सामानहरूको मर्मत गर्ने व्यवसायीहरू | ३००।०० |
| १५.५.४ | स्टोभ ,छाता टर्च लाईट जुत्ता ,झोला, आदी | २००।०० |
| १५.५.५ | सिलाई मेशिन तथा अन्य घरायसि सामानहर मर्मत गर्नेलाई | २००।०० |
| १५.५.६ | रेडियो, टि.भी. घडी, मोबाईल तथा टेलिफोन सेट आदी मर्मत | ५००।०० |
| १५.५.७ | कम्प्युटर, प्रिन्ट, तथा फोटोकपी मर्मत गर्ने ब्यबसायीलाई | ३००।०० |

| | | |
|---|---|---|
| १६ | **अन्य सेवा** | |
| १६.१ | **विज्ञापन सेवा** | |
| १६.१.१ | विज्ञापन एजेन्सीहरूका लागि | ५००।०० |
| १६.२ | **वैदेशिक रोजगार सेवा** | |
| १६.२.१ | मुख्य कार्यालय भएकाहरूको लागि | १०००।०० |
| १६.२.२ | साखा कार्यालय भएकाहरूको लागि | ५००।०० |
| १६.३ | **स्वदेशी रोजगार सेवा** | |
| १६.३.१ | मुख्य कार्यालय भएकाहरूको लागि | ५००।०० |
| १६.३.२ | साखा कार्यालय भएकाहरूको लागि | ३००।०० |
| १६.४ | **सेक्रटेरियल सेवा** | |
| १६.४.१ | सेक्रटेरियल सेवा | १०००।०० |
| १६.५ | **हाउजिङ कम्पनी तथा घर जग्गा खरिद बिक्री (रियल स्टेट)** | |
| १६.५.१ | हाउजिङ कम्पनी तथा घर जग्गा खरिद बिक्री | १५००।०० |
| १६.६ | **सामान ढुवानीकर्ता तथा कम्पनी** | |
| १६.६.२ | सामान ढुवानीकर्ता तथा कम्पनी | ३००।०० |
| १६.७ | **ब्युटी पार्लर  तथा हजाम सेवा** | |
| १६.७.१ | श्रंगारको सामान सहित ब्युटी पार्लर गर्नेहरूलाई | ३००।०० |
| १६.७.२ | ब्युटी पार्लर मात्र गर्ने व्यवसायीहरूलाई | ५००।०० |
| १६.७.३ | बजार क्षेत्रका सैलुनहरूलाई | २००।०० |
| १६.७.४ | ग्रामीण क्षेत्रका सैलुनहरूलाई | १५०।०० |
| १६.८ | **ड्राई क्लिनर्स** | |
| १६.८.१ | ड्राई क्लिनर्स | २००।०० |
| १६.९ | **फोटो स्टुडियो** | |
| १६.९.१ | डिजिटल कलर ल्याब भएकाहरूलाई | ५००।०० |
| १६.९.२ | बजार क्षेत्रका फोटो स्टुडियोहरूलाई | ३००।०० |
| १६.९.३ | ग्रमीण क्षेत्रका फोटो स्टुडियो हरुलई | २००।०० |
| १६.१० | **सिलाई तथा बुनाई गर्ने** | |
| १६.१०.१ | बजार क्षेत्रमा कपडा सहित सिलाई बुनाई गर्ने हरूलाई | १०००।०० |
| १६.१०.२ | सिलाई बुनाई मात्र गर्ने हरूलाई | ५००।०० |
| १६.११ | **साईनबोर्ड बनाउने तथा पेन्टीङ्ग सेवा** | |
| १६.११.१ | बजार क्षेत्रमा कार्य गर्ने ( डिजिटल मेशन समेत रहेका ) | ५००।०० |
| १६.११.२ | ग्रमाीण क्षेत्रमा कार्य गर्ने | २००।०० |
| १६.१२ | **पशु बधशाला** | |
| १६.१२.१ | पशु बधशाला | ५००।०० |
| १६.१३ | **क्याटरिङ्ग तथा पार्टी प्यालेसहरू** | |
| १६.१३.१ | पार्टी प्यालेसहरूका लागि | ५००।०० |

| | | |
|---|---|---|
| १६.१३.२ | क्याटरिङ्ग तथा टेन्ट दुबैको लागि | ५००।०० |
| १६.१३.१ | टेण्टहरूको लागि मात्र | ३००।०० |
| १६.१४ | **पुलहाउस तथा अन्य मनोरन्जनका लागि** | |
| १६.१४.१ | स्नुकर तथा पुल हाउस | ५००।०० |
| १६.१४.२ | भिडियो गेमहरू | २००।०० |
| १६.१५ | **केबल नेटवर्किङ्ग ब्यबसाय** | |
| १६.१५.१ | केबल नेटवर्किङ्ग ब्यबसाय गर्ने | ३०००।०० |
| १७ | **अन्य व्यवसायः-** | |
| १७.१ | **पार्क, पिकनिक स्पट** | |
| १७.१.१ | ब्यसायीकरूपमा पार्क तथा पिकनिक स्थल संचालन गर्ने ब्यवसायलाई | १०००।०० |
| १७.१.२ | स्वीमिङ पुलहरूलाइ | १०००।०० |
| १७.२ | **टुर अप्रेटर** | |
| १७.२.१ | पर्यटक तथा तिर्थ यात्री हरूको सेवा प्रदान गर्नेहरूका लागि | ५००।०० |
| १७.३ | **मसाज पार्लर** | |
| १७.३.१ | शारिरीक व्यायाम क्लबहरूको लागि | ५००।०० |
| १७.४ | **कवाडी सामान ब्यवसाय** | |
| १७.४.१ | क बर्गको कवाडी सामान ब्यबसायीहरूको लागि | १५००।०० |
| १७.४.२ | ख बर्गको कवाडी सामान ब्यबसायीहरूको लागि | १०००।०० |
| १७.५ | **माईक, ईलेक्ट्रीक वा ईलोक्ट्रोनिक्स सामान भाडामा दिने ब्यबसायलाई** | |
| १७.५.१ | साउण्ड सिस्टम भाडामा दिने ब्यवसायीहरूको लागि | ५००।०० |
| १७.६ | **शिशु स्याहार तथा निजि छात्राबासहरू** | |
| १७.६.१ | मन्टेश्वरी / शिशु स्याहार केन्दहरू | ५००।०० |
| १७.६.२ | निजि छात्राबासहरू | ५००।०० |
| १८ | **अस्थाई हाट बजार वा घुम्ती पसल** | |
| १८.१.१ | टोकरी पाँच केजि सम्मको | ५।०० |
| १८.१.२ | टोकरी पाँच केजि भन्दा बढिको | १०।०० |
| १८.१.३ | ट्र्याक्टर प्रति तरकारी | २५०।०० |
| १८.१.४ | माछा सानो | १५।०० |
| १८.१.५ | खसी प्रति गोटा | ५०।०० |
| १८.१.६ | पाडा प्रति गोटा | १००।०० |
| १८.१.७ | कुखुरा प्रति गोटा | ३५।०० |
| १८.१.८ | सुँगुर प्रति गोटा | ५०।०० |
| १८.१.९ | रेडिमेड कपडा | ३०।०० |
| १८.१.१० | किराना तथा मिठाई | १५।०० |
| १८.१.११ | फलाम पसल | १५।०० |
| १८.१.१२ | भाडाकुडा पसल | ३०।०० |
| १८.१.१३ | खैनी खुद्रा | १५।०० |

| | | |
|---|---|---|
| १८.१.१४ | टर्च लाईट मर्मत | १०।०० |
| १८.१.१५ | छाता मर्मत | १०।०० |
| १८.१.१६ | हजाम | १०।०० |
| १८.१.१७ | फलफुल बिक्रेता | ३०।०० |
| १८.१.१८ | खाने तेल मट्तिेल बिक्रेता | १५।०० |
| १८.१.१९ | चटपटे बिक्रेता | २५।०० |
| १८.१.२० | चामल दाल बिक्रेता | २५।०० |
| १८.१.२१ | सरसामानको प्रचार प्रसार | १००।०० |
| १८.१.२२ | कुम्हाले भाडा बिक्रेता | २५।०० |
| १८.१.२३ | मिठाई प्रति पसल | १५।०० |
| १८.१.२४ | पाउरोटी, वरफ, आईसक्रिम | १५।०० |
| १८.१.२५ | जुत्ता चप्पलको पसल | २५।०० |
| १८.१.२६ | ईलेक्ट्रीक्स पसल | २५।०० |
| १९ | **अन्य** | |
| १९.१ | *HOSTEL तथा किन्डर गार्डेन व्यवसायमा* | १०००।०० |
| १९.२ | गाउपालिकामा दर्ता भएको ठेलामा व्यवसाय गर्ने व्यवसायको लागि | ५००।०० |

**नोट व्यवसायिक कारोवार थप भएमा ः**

एउटै फर्मको नाम बाट एक भन्दा बढि कारोबार थप गर्ने भएमा तोकिएको दरमा पचास प्रतिशत र सो भन्दा बढि कारोबार थप भएमा ३० प्रतिशतका दरले कर थप हुदै जानेछ । साथै तोकिएको व्यवसायमा सबैभन्दा बढि कर लाग्ने व्यवसायिक कारोबारलाई मुख्य कारोबार मानी व्यवसाय कर असुल गरिनेछ ।

## अनुसुची : ४

## जडिवुटी, कवाडी र कृषी तथा पशुपन्छी जन्य व्यवसाय कर

(१) ईन्द्रसरोवर गाउँपालिका भित्र उत्पादन तथा सृजना भई निकासी हुने देहायका माल वस्तुमा देहायका दरमा कर लगाईनेछः

| क्र. सं. | नाम | ईकाई | दर |
|---|---|---|---|
| (क) | ऊन, प्राकृतिक, कृतिम, जगर | प्रति केजी | रु १/- |
| (ख) | खोटो | प्रति केजी | रु १ /- |
| (ग) | प्रचलित वन नियमावलीमा लेखीएको जडीबुटीको मुल्य, मात्रा र गुणस्तर हेरी गाउँ सभाले तोके बमोजिमको दर, तर व्यावशायिक खेतीको र स्थानीय उधोगमा अर्ध प्रशोधन हुने जडीबुटीको हकमा आधा दरमा लाग्ने छ। | | |
| (घ) | वनकर (खर), बाबियो प्रति महलपत्ता, छ्वाली, पराल, बगास, निगाँलो, लाक्ता, पटेर, अम्लीसो, कुचो, बाँस, सिसौ, साल (चट्टा, गोलीया, चिरान) सम्वन्धित निकायको चलानीको आधारमा) | प्रति गाडी, ट्राक्टर | रु २००/- |
| | | प्रति गोटा | रु १ /- |
| | | प्रति ट्रक | रु ५००/- |
| (ङ) | स्लेट/विच्छाउने ढुङ्गा | प्रति वर्ग फिट | रु ५/- |
| (च) | भट्टामा प्रयोग गरिने माटो | प्रति वर्ग मिटर | रु २/- |
| | ईट्टा | प्रति एक हजार गोटामा | रु ५०/- |
| | सिमेण्ट | प्रति बोरा | रु २/- |
| (छ) | सुर्तीको डण्डल, कतरनल नसल | प्रति केजी | रु २/- |
| (ज) | सालको बियाँ | प्रति केजी | रु ५/- |
| (झ) | सल्लाको सिम्टा | प्रति केजी | रु २/- |
| (झ) | पत्थर कोईला | प्रति केजी | रु ५/- |
| (ञ) | मिनरल वाटर | प्रति दर्जन | रु १०/- |

(२) स्वदेशमा स्थापना भएको उद्योगहरुले जे-जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग (रि-युज) गर्ने देहाय वमोजिमका वस्तूमा उत्पादन स्थलमा वा संकलन केन्द्रमा देहाय करउठाईनेछ :

| क्र. सं. | नाम | ईकाई | दर |
|---|---|---|---|
| (क) | खाली सिसि र वियर वोतल | प्रति गोटा | १५पैसा/- |
| (ख) | खाली सिसि मदिरा र अन्य ५०० एम एल भन्दा माथी | प्रति गोटा | १५पैसा/- |
| (ग) | खाली सिसि मदिरा र अन्य ५०० एम एल भन्दा तल | प्रति गोटा | २५पैसा/- |
| (घ) | प्लाष्टीकको वोतल, भाँडाँ कुँडा, पुराना जुत्ता, चप्पल, ग्यालीन, जर्किन आदी | प्रति केजी | २५पैसा/- |
| (ङ) | खाली बोराः<br>१) ५० केजी सम्म खाद्दान्न अट्ने प्लाष्टीक बोरा | प्रति केजी | ५०पैसा/- |
| | २) ५० केजी सम्म खाद्दान्न अट्ने जुटका बोरा | प्रति केजी | ५०पैसा/- |
| | ३) १००० केजी सम्म खाद्दान्न अट्ने जुटका बोरा | प्रति केजी | रु १/- |
| (च) | तेलको टीनः<br>१) १० ली. भन्दा बढी अट्ने ठुलो | प्रति गोटा | रु २/- |
| | २) १० ली भन्दा कम अट्ने सानो | प्रति गोटा | रु १ /- |

(३) पुनः प्रशोधन (रिसाईकलिङ्ग)गरि पुनः प्रयोग हुनसक्ने देहाय बमोजिमको दरमाकर उठाईनेछ ।

| क्र. सं. | नाम | ईकाई | दर |
|---|---|---|---|
| (क) | झिण्डु, प्राकृतीक, कृतीम, उनका टुक्रा | प्रति केजी | रु ३/- |
| (ख) | गार्मेण्टको कपडाको टुक्रा | प्रति केजी | रु ३/- |
| (ग) | जलेको मोविल | प्रति केजी | रु २/- |
| (घ) | जुट र प्लाष्टीकका बोरा | प्रति केजी | रु २/- |
| (ङ) | कार्पेटका टुक्रा | प्रति केजी | रु ३/- |
| (च) | टायर ट्युब | प्रति केजी | रु ३/- |
| (छ) | थोत्रो टिन | प्रति केजी | रु २/- |
| (ज) | पुरानो ड्रम | प्रति केजी | रु २/- |
| (झ) | पुराना कागज | प्रति केजी | रु २/- |

| | | | |
|---|---|---|---|
| | क, अखबार, (न्युज प्रीण्ट) | | |
| | ख, अन्य कागज (काटुन) समेत) | प्रति केजी | रु २/- |
| (ञ) | धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरु | | |
| | १. फलाम | प्रति केजी | रु ३/- |
| | २. अन्य धातु, पीत्तल, तामा आदी | प्रति केजी | रु ७/- |
| | ३. थोत्रीयर काम नलाग्ने मेसिनरी औजार | प्रति केजी | रु ५/- |
| (ट) | पोलीथीन पाइपका टुक्राहरु | प्रति केजी | रु ५ /- |
| (ठ) | सिसा लिडको धुलो वा टुक्रा | प्रति केजी | रु ५ /- |
| (ड) | काँचको धुलो र टुक्रा | प्रति केजी | रु २/- |

(४) प्रचलित कानुनले निशेधित गरे बाहेकका पन्छीहरु जस्तैः हाँस, कुखुरा जस्ता पन्छीका प्वाँखमा प्रति केजी रु. ५/-लाग्नेछ ।

## अनुसूचि ः ५
## सवारी साधन कर

| | | | |
|---|---|---|---|
| **आर्थिक वर्ष २०७६।०७७श्रावण १ गते देखि लागू हुने गरी निर्धारित सवारी साधन करका दर रेटहरू** | | | |
| **१. सवारी साधन दर्ता तथा नविकरण कर** | | | **दर रेट (रू)** |
| | क | बस, ट्रक दर्ता तथा वार्षिक नविकरण | १५००।०० |
| | ख | जिप, कार दर्ता तथा वार्षिक नविकरण | १०००।०० |
| | ग | मिनि बस , माईक्रोबस दर्ता तथा वार्षिक नविकरण | ८००।०० |
| | घ | व्याकहो लोडर दर्ता तथा वार्षिक नविकरण | २०००।०० |
| | ङ | मोटर साइकल दर्ता तथा नविकरण | ३००।०० |
| | च | अटो रिक्सा,ई-रिक्सा,टाँगा | ५००।०० |

# अनुसूची : ६

## विज्ञापन कर

| आर्थिक वर्ष २०७७।०७८श्रावण १ गते देखि लागू हुने गरी निर्धारित विज्ञापन कर | | | |
|---|---|---|---|
| १ | विज्ञापन कर | | करको दर (रू) |
| | व्यवसायीक दृष्टिकोणबाट प्रचार गर्न टाँसिने वा राखिने प्रत्येक ग्लुवोर्ड, साइनबोर्ड, होर्डिङ बोर्ड आदिमा निम्न बमोजिम कर लाग्नेछ :- | | |
| | क | डि.पि.एस्. बोर्डमा प्रतिवर्ग फिट वार्षिक | १५।०० |
| | ख | प्रचार, प्रसार पर्चा पम्प्लेट प्रति पाना | २५पैसा |
| | ग | ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका होर्डिङबोर्डहरूमा प्रति वर्गफिट | ४०।०० |
| | घ | ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका फ्लेक्स प्रति वर्ग फिट | १०।०० |
| | ङ | कपडाको तुल र फ्रेम नगरिएको फ्लेक्स ब्यानर प्रति थान प्रति पटक | १५०।०० |
| | च | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता वा पर्खालमा लेखिएकोमा वार्षक प्रति वर्ग फिट | ३।०० |
| | छ | एक दिनको प्रचार प्रसार गर्ने कार्यक्रम लाई (प्रतिदिन) | ५००।०० |
| | ज | डिजिटल होडिड बोर्ड | ५०००।०० |

**अनुसूची : ७**

**मनोरञ्जन कर**

| क.सं. | मनोरञ्जनको किसिम | दर रु तथा प्रतिशतमा |
|---|---|---|
| (क) | सिनेमा हल, भिडीयो हल, साँस्कृतीक प्रदर्शनी हल, थियटर संगीत तथा मनोरञ्जन प्रदर्शनी स्थलको प्रवेश शुल्क | १० प्रतिशत |
| (ख) | जादु, सर्कस, चटक आदीमा प्रतिदिन | रु ५००/- |
| (ग) | ऐतिहाँसिक, धार्मीक स्थल, पार्क, पौडी पोखरी, पोखरी (प्राकृतिक तथा मानव निर्मित), मनोरञ्जन स्थल आदिमा प्रवेश शुल्कमा | १० प्रतिशत |
| घ) | चन्द्रागिरी हिल्स लिमिटेड बाटसंचालित केबुलकारमा प्रति टिकेट वापत प्राप्त रकममा | ३प्रतिशत |

**अनुसुची : ८**

**बहाल विटौरी शुल्क**

ईन्द्रसरोवर गाउँपालिका क्षेत्र भित्र खाली रहेको सार्वजनिक, पर्ती, ऐलानी जग्गामा गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले छाप्रा, टहरा निर्माण गरि सडक छेउ वा खुल्ला चौरमा पसल व्यवसाय वा अन्य कुनै प्रयोजनको लागि वसेको अवस्थामा देहाय बमोजिम बहाल बिरौटी शुल्क लाग्ने छ ।

१.मदन भण्डारी राजमार्ग, कुलेखानी-फाखेल-हुमाने सडक खण्ड , कलंकी-मार्खु सडक सँग जोडिएको स्थानको हकमा निम्न बमोजिम शुल्क लाग्ने छ ।

क. पक्की घर वार्षिकप्रति स्क्वायर फिट रु.५।००

ख. कच्ची घर वार्षिकप्रति स्क्वायर फिट रु.५।००

२. महालक्ष्मी-चखेल-मातातिर्थ सडक खण्ड सँग जाडिएको स्थानमा निम्न बमोजिम शुल्क लाग्ने छ ।

क. पक्की घर वार्षिकप्रति स्क्वायर फिट रु.३।००

ख. कच्ची घर वार्षिकप्रति स्क्वायर फिट रु.३।००

३. अन्य स्थानमा निम्न बमोजिम शुल्क लाग्ने छ ।

क. पक्की घर वार्षिकप्रति स्क्वायर फिट रु.२।००

ख. कच्ची घर वार्षिकप्रति स्क्वायर फिट रु.२।००

## अनुसूची : ९

## सेवा शुल्क, दस्तुर

| | | |
|---|---|---|
| आर्थिक वर्ष २०७७।०७८श्रावण १ गते देखि लागू हुने गरी निर्धारित दस्तुर तथा सिफारिस सेवा शुल्कको दर रेटहरू | | |
| १ | **नक्सा पास दस्तुर रू.मा** | |
| क | नक्सा पासको निवेदनको किताव | ५०००।०० |
| | ग्रामिण क्षेत्र भवन नक्सापास प्रति स्क्वायर फिट | २।०० |
| | बजारक्षेत्र भवन नक्सा पास प्रति स्क्वायर फिट | ५।०० |
| | होटल व्यवसाय अन्तरगत रिसोर्टको नक्सा पास प्रति स्क्वायर फिट | ८।०० |
| ख | घर नम्वरीङ्ग तथ्यांक संकलन प्रतिघर | ०० |
| ग | नक्सा नामसारी दस्तुर | ५००।०० |
| २ | गाउपालिका क्षेत्रमा घर/पर्खाल बनाउन नक्सापास गरिपाउं भनी दिएको निवेदन बमोजिम नक्साको आधारमा( घर/पर्खाल बनाउन नक्सापास गरिदिंदा) देहाय बमोजिमको दस्तुर लिइने छ। | |
| ३ | प्रत्येक तलाका लागि माथिको दरररेटमा १० प्रतिसतका दरले थप दस्तुर लाग्ने छ। | |
| ४ | घर नक्साको प्रतिलिपी माग भएमा प्रति सेट | ४००।०० |
| ५ | पर्खालको नक्साको प्रतिलिपी | ५००।०० |
| ६ | **वस्तुगत विवरण प्रमाणित दस्तुर (घरगोठ भए/नभएको)** | |
| *क* | जग्गाको क्षेत्रफल पहिलो दुई रोपनीसम्म | २००।०० |
| *ख* | जग्गाको क्षेत्रफल दुई देखि पांच रोपनी सम्म | ३५०।०० |
| ग | जग्गाको क्षेत्रफल पांच रोपनी देखि माथि प्रति रोपनी रू.२०।– थप लिइने छ। | |
| *नोटः* ५ रोपनी भन्दा बढी जग्गाकोक्षेत्रफल आनामा आएमा आना जग्गाको सिफारिस शुल्क गणना गर्दा रोपनी सरह गरिने छ। | | |
| ७ | **कान्जी हाउस दस्तुर :** गाउँपालिका क्षेत्रभित्र पशुपंक्षी छाडा भै बाली, विरुवा नोक्सानी गरेको वा गर्ने सम्भावना देखिएमा त्यस्ता पशुपंछीहरूलाई गाउपालिकाले कान्जि हाउसमा थुनी राखिदिने। समातेर ल्याएको भोलि दिन सम्म तोकिए बमोजिमको दस्तुर र भोलिपल्टसम्म सम्बन्धित ब्यक्ति फिर्ता लिनआएमा पहिलो दिनको दस्तुरमा दोब्बर दस्तु जरिवाना लिई छाडिने छ। | |
| क. | बंगुर, सुंगुर आदिमा १ को जरिवाना प्रति दिनको | १००।०० |
| ख. | गाई, गोरू, रांगा, भैसी आदिमा प्रति १ को जरिवाना प्रति दिनको | १५०।०० |
| ग. | खसी, बाख्रा आदिमा १ को जरिवाना प्रति दिनको | २०।०० |
| ८ | **सिफारिस शुल्क** | |
| | विद्युत जडान सिफारिस दस्तुर : | |
| १ | निवेदन दस्तुर टिकट बापत | १०।०० |
| *२* | थ्री फेज जडान | २०००।०० |
| ३ | पसलमा बिद्युत जडानका लागी | १६०।०० |
| ४ | गार्हस्थ (घरायसी) प्रयोजनका लागी विद्यिुत मिटर | १६०।०० |
| *५* | बिधुत लाईन ठाउं सारी | १६०।०० |
| ६ | खानेपानी जडान सिफारिस दस्तुर | १६०।०० |
| ७ | जग्गा नामसारी सिफारिस | २५०।०० |

| | | |
|---|---|---|
| ८ | चौहद्धि (चार किल्ला) प्रमाणित प्रति कित्ता ५ रापनी सम्म<br>चौहद्धि (चार किल्ला) प्रमाणित प्रति कित्ता ५ रापनी भन्दा बढी भए प्रति रोपनी थप रू १५ | १५०।०० |
| ९ | अंग्रेजी भाषाबाट दिइने प्रति प्रमाणित सिफारिसमा (अंग्रेजी भाषा बाट दिईने छात्र वृत्ति समेत ) | १०६०।०० |
| १० | नागरिकता सिफारिस | १६०।०० |
| ११ | जन्ममिति प्रमाणीत  नेपालीमा | १६०।०० |
| १२ | विवाह मिति प्रमाणीत  नेपालीमा | १६०।०० |
| १३ | चरित्र प्रमाणीत नेपालीमा | १६०।०० |
| १४ | नामथर संसोधन सिफारीस  नेपालीमा | १६०।०० |
| १५ | अविवाहित प्रमाणीत  नेपालीमा | १६०।०० |
| १६ | कोष प्रमाणीत  नेपालीमा | १६०।०० |
| १७ | सर्जिमन मुचुल्का दस्तुर | ५००।०० |
| १८ | घटना दर्ता जरिवाना (३५ दिन देखि ७० दिन सम्मको रू १० मात्र ) | ५०।०० |
| १९ | जनजाती, दलित, पीछडिएका वर्ग मधेशी आदि अदालती तारीख आदी प्रमाणीत सीफारीसमा नेपालीमा | ५०।०० |
| २० | अन्य सीफारीसमा | १००।०० |
| २१ | अन्यत्र ठेगाना भएका यस गाउपालिका क्षेत्र भित्र रहेका सरकारी वा सरकारी कार्यालय र सरकारको स्वामित्वमा रहेको प्रतिष्ठानका कर्मचारीहरूको परिवारको नागरिकताको सिफारिस गर्दा प्रति सिफारिस | १००।०० |
| २२ | छात्रबृत्ति सिफारीसमा | ००।०० |
| २३ | अंगिकृत नागरीकता  सिफारीसमा | १००।०० |
| २४ | कोर्ट फि सिफारिसमा | १००।०० |
| २५ | नाबालक सिफारिस (नेपालीमा) | १००।०० |
| २६ | घट्ट दर्ता सिफारिस | २००।०० |
| २७ | घट्ट नामसारी  सिफारिस | २००।०० |
| २८ | घट्ट नविकरण दस्तुर वार्षिक | ३६०।०० |
| २९ | मिलापत्र दस्तुर | १६०।०० |
| ३० | नाता सम्वन्ध प्रमाणीत (नेपली भाषमा ) | १६०।०० |
| ३१ | नाता सम्वन्ध प्रमाणीत (अग्रेजी भाषमा ) | १०६०।०० |
| ३२ | लालपुर्जा फोटो टाँस सिफारिस | १६०।०० |
| ३३ | लालपुर्जा तीन पुस्ते नाम थर संसोधन | १६०।०० |
| ३४ | आय प्रमाणित तथा मुल्याङकन | १६०।०० |
| ३५ | घर बाटो सिफारिस नासारी | १६०।०० |
| ३६ | घर बाटो सिफारिस वेचविखन | ३००।०० |
| ३७ | संघ संस्था सिफारिस दस्तुर | २००।०० |
| ३८ | छुट जग्गा दर्ता सिफरिस | १०००।०० |
| ३९ | सरसफाई परिचय पत्र नविकरण | १५।०० |
| ४० | अन्य सीफारिस दस्तुर | २००।०० |
| ४१ | नक्सा घर कायम सिफारिस | ५००।०० |
| ४२ | घर नक्सा प्रमाणित कच्ची घर, प्रति स्क्वयर | १।०० |
| ४३ | घर नक्सा प्रमाणित कच्ची घर, प्रति स्क्वयर | १।५० |

| | | |
|---|---|---|
| ४४ | संघ संस्था दर्ता सिफारिस दस्तुर | ३००।०० |
| ४५ | साना तथा घरेलु उद्योग दर्ता सिफारिस | ५००।०० |
| ४६ | सरसफाई शुल्क प्रति सिफरिस | ५०।०० |
| ४७ | होटल सरसफाई मासिक | १५०।०० |
| ४८ | किराना र अन्य मासिक | १००।०० |
| ४९ | बैना वट्टा प्रमाणीत | |
| | शहरी क्षेत्र प्रती लाख | २००।०० |
| | ग्रामिण क्षेत्र | १००।०० |
| ५० | लेनदेन कागजात प्रमाणीत दस्तुर प्रति लाखको | २ प्रतिशत |
| ९ | **नामसारी सिफारिस शुल्क** | २००।०० |
| | उद्योग दर्ता सिफारिस : | |
| क. | पेट्रोल, डिजेल, मट्टीतेल पम्पको लागि | २०००।०० |
| ख. | अटो मोबाइल, अटो वर्क्सर्सपको लागि | १०००।०० |
| ग. | फर्निचर उद्योग | १०००।०० |
| घ. | अन्यको लागि सर्जमिन समेत | ६००।०० |
| ङ. | घरेलुमा दर्ता भै प्रा लि को सफारीसका लागि सर्जमिन समेत | ६००।०० |
| १० | **नामसारी गर्दा देहायका बस्तुहरूमा देहाय बमोजिमको सिफारिस दस्तुर लाग्ने छ।** | |
| क. | ट्रक तथा बसहरूमा | ५००।०० |
| ख. | प्रति रिक्सा फ्रेम परिवर्तन दस्तुर | ५००।०० |
| ग. | ब्यवसाय नामसारी , नाम परीबर्तन, शंशोधन र ठाउसारी दस्तुर | ५००।०० |
| घ. | टेम्पो तथा टय्राक्टरहरूमा | ४००।०० |
| ङ. | माईक्रो बस | ४००।०० |
| च. | ई-रिक्सा, मोटरसाइकल,अटो रिक्सामा | ५००।०० |
| छ. | रिक्सा रोक्का दस्तुर | १००।०० |
| ज. | ठेलागाडाहरूमा | ५०।०० |
| झ. | विद्युतिय वा ई रिक्सा | ५००।०० |
| ११ | **निजिक्षेत्रको विद्यालय अप्ग्रेडिङ सिफारिस (सरकारी स्कूलको अप्ग्रेडिङमा सिफारिस सेवा शुल्क** | १५००।०० |
| १२ | **दिवा सवारी पार्किङ्ग शुल्कः** | |
| क | ट्रक बस, ट्रयाक्टर, लहरी | ५०।०० |
| ख | जिप मोटर कार | २०।०० |
| ग | मोटरसाइकल | १०।०० |
| घ | साइकल | ५।०० |
| ङ | टागा | २५।०० |
| १३ | **फोहर संकलन सेवा शुल्कः** | |
| | **गाउपालिकाले तोकेको क्षेत्रमा फोहर संकलन सेवा शुल्क निम्न अनुसार लाग्नेछः-** | |
| क | ठूला होटल, लज, रेष्टुरेन्ट, संघ संस्था (सरकारी बाहेक) आदिलाई मासिक | २००।०० |
| ख | वित्तीय संस्था निजी विद्यालय, क्याम्पसहरूमा | १००।०० |
| ग | मासु पसल (ठूलो) मासिक | १००।०० |
| घ | साना होटल हरूका लागि मासिक | ५०।०० |
| ङ | मासु पसल (सानो) मासिक | ५०।०० |

| | | |
|---|---|---|
| च | घर गृहस्थीका लागि | ५०।०० |
| छ | पसल/सटरवालाहरू संग प्रति पसल/टहरा, चिया नास्ता होटेलमा मासिक | २५।०० |
| ज | ठेलामा प्रतिदिन | ५।०० |
| द्रष्टब्यः पसल र घर एकै व्यक्तिबाट सञ्चालन भएमा दुवैको सफाई शुल्क जोडी लिईनेछ । | | |
| १४ | **अन्य सेवा शुल्क :** | |
| १ | फिल्म सुटिङ प्रति दिन (सार्वजनिक महत्वको विषय (सन्देश मूलक,चेतना मूलक )मा शुल्क लगाइने छैन ) | १०००।०० |
| २ | चउर पिकनिक बनभोज स्थल प्रति पटक | ५००।०० |
| ३ | बिजुली पिकनिक घर प्रति पटक | ५००।०० |
| ४ | डुगा व्यवसायी डुङगा -वार्षिक | ८०,०००।०० |
| १५ | **अचल सम्पत्ति मूल्यांकन** | |
| १५.१ | पाँच लाख सम्मप्रति रोपनी | १००।०० |
| १५.२ | दशलाख भन्दा माथि प्रति लाख(पाँच लाख माथि बढ्दो दरमा) | २००।०० |
| १५.३ | सम्पती मुल्यांकन २० लाख सम्म | १०००। |
| १६ | क) घर जग्गा नामासारी, हकभोग प्रमाणित, मोही लगत कट्टा, मोही नामसारी ५ कठ्ठा सम्म | २००।०० |
| | ख) घर जग्गा नामासारी, हकभोग प्रमाणित, मोही लगत कट्टा, मोही नामसारी ५ कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप हुदै जाने | ५०।०० |
| पुनश्चः पहिलो प्रति वर्ष २०प्रतिशपत, त्यसपछि प्रति वर्ष ५ प्रतिशत थप हुदैं जाने । घर बहाल करमा २ प्रतिशतका दरले वृद्धि हुदै जाने । एकिकृत सम्पत्ति कर गाउँ पालिकाले निर्धारित गरेको न्युनतम मुल्यांकन बमोजिम। अरू सिफारिसको हकमा चालु आ. व. २०७६/०७७ मा नै निरन्तरता दिने । | | |

## अनुसूची : १०

**(दफा १० संग सम्बन्धित)**

फर्म, संस्था तथा अन्य व्यवसाय वा कार्य नविकरण विलम्ब गरेको खण्डमा बार्षिक लाग्ने शुल्कको अतिरिक्त तपशिल बमोजिमको थप शुल्कलाग्नेछ ।

| | |
|---|---|
| १ बर्ष म्याद नाघेमा | १० प्रतिशत |
| २ बर्ष म्याद नाघेमा | २० प्रतिशत |
| ३ बर्ष म्याद नाघेमा | ३० प्रतिशत |
| ४ बर्ष म्याद नाघेमा | ४० प्रतिशत |
| ५ बर्ष वा सो भन्दा बढी म्याद नाघेमा | १०० प्रतिशत |

## अनुसूचि : ११

**(दफा १० संग सम्बन्धित)**

भौतिक, वातावरणीय तथा पर्यावरणीय क्षति बापतको क्षतिपूर्ति तथा वातवरण संरक्षण एवं सुधारको लागि तपसिल बमोजिमको जरिवाना असुल उपर गरिनेछ ।

| साधन | ठेकेदार | | उपभोक्ता समिति | कैफियत |
|---|---|---|---|---|
| | गा.पा.क्षेत्र भित्र | बाहिर | गा.पा.क्षेत्र भित्र | |
| प्रति ट्याक्टर | रु. १०० | रु. २०० | रु. १०० | |
| ट्रिपर | रु. ३०० | रु. ५०० | रु. ३०० | |

# अनुसूची १२

**(दफा १० संग सम्बन्धित)**

## ईजाजत तथा नविकरण शुल्क

ईन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र,गाउँपालिकाले विभिन्न बस्तु तथा सेवा उत्पादन, प्रयोग तथा निर्माण ब्यबसाय वापत तपशिल बमोजिम को इजाजत तथा नवीकरण शुल्कलगाइनेछ|

| क्र.स. | सेवा/उत्पादन/ ब्यबसायको प्रकार | शुल्क(रु) |
|---|---|---|
| १ | निर्माण ब्यबसाय ('घ' बर्ग) ईजाजत शुल्क | १०१०\|०० |
| २ | निर्माण ब्यबसाय ('घ' बर्ग) नवीकरण शुल्क | ३०१०\|०० |
| ३ | निर्माण ब्यबसाय ('घ' बर्ग) नवीकरण शुल्क थप दस्तुर आस्विन मसान्त पश्चात | मासिक १० प्रतिशत |
| | निर्माण ब्यबसाय ('घ' बर्ग) इजाजत पत्र प्रतिलिपी दस्तुर | १०१०।०० |

**अनुसूची:१३**

**पार्किङ्ग शुल्क**

इन्द्रसरोवर गाउँ पालिकाले गाउँ पालिका क्षेत्र भित्रको पर्यटकिय तथा तोकिएको स्थानमा सवारी साधन पार्किङ्ग गरेमा तपशिल बमोजिमको शुल्क असुल उपर गरिनेछ ।

| क्र.सं. | सवारी साधनको प्रकार | पटके पार्किङ्ग शुल्क (रु.मा) |
|---|---|---|
| १ | दुई पाङ्ग्रे सवारी साधन | १० |
| २ | हलुका चारपांग्रे सवारी साधन | ३० |
| ३ | मिनि ट्रक, मिनि बस | ५० |
| ४ | ट्रक, बस, लहरी, ट्रीपर, आइचर | ५० |

नोट: ढुंगा गिट्टी वालुवा अमानत बाट उठाउदा प्रदेश कानून बमोजिमनै उठाइनेछ।